# लोकतन्त्र र समावेशिता

- 18 Feb 2015
- बुधबार ६ फागुन, २०७१


- **धनप्रसाद पण्डित**
- Emaildhanaprasad@no-email.com


प्राचीन ग्रिकका नगर राज्यमा राजनीतिक क्रियाकलापमा सहभागी हुने अवसर सीमित बयस्क पुरुषलाई मात्र थियो। त्यसबेला ग्रिकमा बस्ने विदेशी, दास र महिला अनि उमेर नपुगेका पुरुषको राजनीतिमा विचार व्यक्त गर्ने वा निर्णयकार्यमा सहभागी हुन पाउने सम्भावना थिएन। त्यस्तै, रोमन साम्राज्यमा पनि मताधिकार (अभिव्यक्ति स्वतन्त्रता) सीमित पुरुष वर्गमा निहित थियो।

विश्वभरिमै पुरुषवर्गलाई पनि मताधिकाररूपी सरकार निर्माणमा सरिक हुनपाउने अधिकार उन्नाइसौँ शताब्दीको अन्त्यतिर र बीसौँ शताब्दीको सुरुतिरमात्र प्राप्त भयो। सर्वप्रथम मताधिकारको प्रयोग अमेरिकाबाट भएको मानिन्छ। अमेरिकाले जब बहुसंख्यक बयस्क पुरुषलाई सन् १८४८ मा मताधिकार प्रदान गर्‍योग। सबै स्विस बयस्कले सन् १९८४ मा मताधिकार प्राप्त गरे। विश्वमा व्यापक उपनिवेश बनाउन सफल बेलायतले बहुसंख्यक रोजगारी भएका बयस्क गोरा पुरुषलाई मात्र फ्रेन्चाइज विथ रिफर्म एक्ट १८८४ अन्तर्गत मताधिकार दिएको देखिन्छ। बेलायतमा सबै पुरुषका लागि समान मताधिकार कानुन सन् १९१८ (पहिलो विश्वयुद्धको समय) सम्म थिएन।

विश्वभरि नै महिला मताधिकार निकै पछि सुरु भएको देखिन्छ। सन् १८९३ मा न्युजिल्यान्डमा महिलाले सर्वप्रथम मताधिकार पाएका हुन्। बेलायती महिलाले सन् १९१८ मा सीमित मताधिकार पाएका थिए। त्यसबेला पुरुषका लागि २५ तथा महिलाका लागि ३० वर्ष मतदान गर्नपाउने उमेर राखिएको थियो। महिलालाई समान उमेरको मतदानको अधिकार ब्रिटिस कानुनले १९२८ पछि मात्र प्रदान गर्‍योम। पहिलो विश्वयुद्धपछि निश्चित योग्यता पुगेका महिलालाई मात्र मताधिकार थियो भने पुरुषका लागि त्यो भेदभाव थिएन। संयुक्त राज्य अमेरिकामा संविधानको १९ औँ संशोधनपछि मात्र सन् १९२० मा महिलाले मताधिकार प्राप्त गरे। मताधिकार पाउन 'सेनेका फल्स' बाट गति लिएको महिला एकता र राजनीतिक सहभागिताको अभियानले बाटो देखाएको थियो। स्विजरल्यान्ड सानै भए पनि लोकतान्त्रिक मुलुकमा अग्रणी मानिन्छ। तर महिला मताधिकारको हिसाबले सबभन्दा पछिल्लो श्रेणीमा देखिन्छ। स्विजरल्यान्डका धेरैजसो क्यान्टन (राज्य) का महिलाले सन् १९७१ मा मात्रै मताधिकार प्राप्त गरेको इतिहास छ। लामो समय जहानियाँ शासन, राजतन्त्र, अस्थिर प्रजातन्त्र भएको हाम्रो मुलुक नेपालमा

महिलाले पुरुषभन्दा ५ वर्षपछि (२००४ सालको संविधानले प्रदान गरेको सीमित मतदान) को अधिकारपछि २००८ सालमै मताधिकार प्राप्त गरेका थिए। व्यावहारिक तवरमा नेपालमा पुरुष र महिलाले २०१५ सालको प्रथम आमनिर्वाचनमा देशव्यापीरूमा एकैसाथ मतदानको अधिकारको प्रयोग गरेको पाइन्छ। सन् २००५ मा महिलालाई मताधिकार दिने राष्ट्रको रूपमा कुवेत परेको छ भने गरिब राष्ट्र भएर पनि महिला राजनीतिक सहभागिता राष्ट्रिय व्यवस्थापिकासम्म पुर्या उने देशको रूपमा रुवान्डा पर्दछ। विकास हुँदैमा महिला राजनीतिक सहभागिता जरुरी नभएका उदाहरण जापान र अमेरिका हुन्। रुवान्डा जहाँ हाल ५४ प्रतिशत महिला संसद्मा उपस्थित छन्।

अमेरिकामा राजनीतिक क्षेत्रमा हालसम्म राष्ट्रपति महिला हुनपाएका छैनन्। राजनीतिबाहेकका अन्य क्षेत्रमा भने सार्वजनिक पदमा अमेरिकामा महिला सहभागिता राम्रो रहेको छ। जापानमा भने शक्तिशाली राजनीतिक, प्रशासनिक पदमा महिला राजनीतिक सहभागिता न्यून नै छ। महिला राजनीतिक सहभागिताका निम्ति मतदानको अधिकारमात्रै पर्याप्त हुँदैन। नेकपा एमाओवादीको सिद्धान्तमा जेहोस् जनतालाई खासै मतलब छैन। व्यवहारमा एमाओवादी र अन्य राजनीतिक दलमा के भिन्नता छ? संविधान सभा वा व्यवस्थापिका संसद्मा गरेको मनोनयन हेर्दा व्यवसायीको प्रतिनिधित्व गराउन सबै दलले दानदातव्य दिने पुरुषमात्रै किन देखे? उच्चस्तरीय राजनीतिक संयन्त्रमा खै महिला सहभागिता? महिला सहभागिताको भाषण दिएर नथाक्ने एमाओवादी सेना समायोजनमा महिला सहभागिताको विषयमा के–कति समावेशी देखियो? वा महिलाप्रति उदार भएर महिलालाई सेनामा समायोजन गर्नेतिर कति उदार भयो? वर्तमान सरकारको निर्माण हुँदा पहिलो, दोस्रो, तेस्रो पटकको मन्त्रिमण्डल विस्तार गर्दा महिलाको सहभागिता भएकोले नै मूलतः नेपालका राजनीतिक दलको भनाइ र गराइले दुईजिब्रे नीति देखाउँदैन र? नेपालको संविधान सभामा ३३ प्रतिशतभन्दा बढी महिला सहभागिता भनी प्रचार गरियो। यसबारे 'गुगल सर्च' मा हेर्दा जेठ १४ गतेसम्म विश्वमा संसद्मा महिला राजनीतिक सहभागिता भएका मुलुकमा अठारौँ नम्बरमा नेपाल परेको पाइयो। जेठ १५ गतेदेखि नेपाल पुनः मुसीको भवः को अवस्थामा महिला राजनीतिक सहभागिता न्यून भएका मुलुकको श्रेणीमा पर्नगयो! संविधान सभामा महिला सहभागिता कमजोर पार्न कसेको दोष रह्यो? ठूला राजनीतिक दल, भुरेटाकुरे दल? जनजाति वा को जिम्मेवार छन्?

सफलतामा आफ्नो भूमिका र असफलतामा छिमेकी मुलुक वा अन्य कसैलाई दोष दिने प्रवृत्तिले नेपालको लोकतन्त्र, प्रजातन्त्र, कसैको भलो गर्दैन। उच्च मत प्राप्त गर्नु जनसमर्थन पाइएको प्रमाण हो। कतिपय अवस्थामा उच्चमत पाउँदैमा साँच्चै जनताले विश्वास गरेर, सर्वोत्कृष्ट भनेर मत नदिएको पनि हुनसक्छ। अमेरिकामा ५४/५५ प्रतिशतमात्र मतदान हुन्छ। खसेको मतको बहुमत प्राप्त गरेका निर्वाचक

मण्डलका सदस्यको बहुमत पाउने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुन्छ। कुनै पनि राष्ट्रपति आठ वर्ष (दुई पटक गरेर) भन्दा बढी उम्मेदवार पनि हुन पाउँदैन। तत्कालीन बाथ पार्टीको इराक, स्टालिनको सोभियत युनियन, जियाउल हकको इस्लामिक गणतन्त्र पाकिस्तान, सैनिक सत्ता वा धार्मिक कट्टरताको इस्लामिक मुलुकमा मतदान उच्च भएको देखिन्छ। त्यहाँ विश्वासभन्दा डर, भय, त्रासले काम गरेको हुन्छ। वर्तमान नेपालका प्रधान मन्त्रीले पाएको मतको उच्चतम अंक पनि विद्यमान मतदाताभन्दा बढी पो छ कि? किनभने नेपालबाट वैदेशिक रोजगारीमा जानेको संख्या २५ लाखभन्दा बढी छ। मृत्यु हुनेको संख्याको हिसाबै छैन। तैपनि खसेको मत र प्राप्त गरेको मत परिणाम आश्चर्यचकित गर्ने खालको छ।

राजीव गान्धीको निर्वाचन प्रचारप्रसारको क्रममा हत्या भएपछि प्रधान मन्त्री हुन पुगेका पीभी नरसिंह रावको उपनिर्वाचनमा एकजना मतदाताले बीबीसी हिन्दी सेवामा भनेका थिए– मैले विभिन्न बुथमा गरी १ सय ७७ मत प्रधान मन्त्रीको पक्षमा एक्लैले खसालेको छु। के यही हो लोकतान्त्रिक मूल्यमान्यता? यति लामो लोकतन्त्रको बाटोमा हिँडेको मुलुकको निर्वाचन आलोचना मुक्त किन हुनसकेन? त्यसैले त फ्रान्सिस फुकुयामाले ‘द ओरिजिन अफ पोलिटिकल अर्डर' नामक पुस्तकमा लेखेका छन्– भारतजस्तो प्रजातान्त्रिक भनिएको मुलुकमा ३३ प्रतिशतभन्दा बढी क्रिमिनल (आपराधिक) गतिविधिमा स्वयं संलग्न वा त्यस्ता गतिविधिमा लागेकाहरूबाट संरक्षित, प्रवर्द्धित नेता दिल्लीको राजनीतिमा पुगेका छन्। यस हिसाबले हेर्दा मतदानमात्रै जनमत हो कि होइन र यसले जनको भलो गर्छ कि गर्दैन विचारणीय छ, वर्तमान अन्योलग्रस्त नेपाली राजनीतिको लागि। राजनीतिमा महिला सहभागिताको सवालमा पनि यही तथ्य लागु हुन्छ।

***सह– प्राध्यापक, राजनीतिशास्त्र***

- See more at: [http://www.nagariknews.com/opinion/story/33338.html#sthash.UN5ZHl1h.dpuf](http://www.nagariknews.com/opinion/story/33338.html#sthash.UN5ZHl1h.dpuf)